## नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३

संसोधन गर्नको लागि तिन महले ~~पुस्तिका~~ संशोधित विधान २०६५

| स्विकृत विधानको दफा र सो मा भएको व्यवस्था | हाल प्रस्तावित संसोधन गर्नुपर्ने व्यवस्था | संसोधन गर्नपर्नाको कारण |
| --- | --- | --- |
| **परिच्छेद १**<br>**प्रस्तावना**<br>नेपालका आधूनिक वैज्ञानिक आर्युविज्ञानमा प्रशिक्षित वाल रोग विशेषज्ञहरु जसले वालकहरुको कल्याणलाई आफ्नो जिवनको लक्ष्य वताएका छन । वालकहरुको स्वास्थ्यको विकासमा आफ्नो सामूहिक योगदानद्धारा देशको उन्नति र विकासमा आफ्नो सहयोग प्रदान गर्नका लागि यो नेपाल पेडियाट्रिक सोसाइटीको स्थापना गरेका हुन । यो सोसाइटी सुद्ध रुपमा एउटा व्यावसायिक र वैज्ञानिक संस्था हुनेछ । र यस्को कुनै राजनैतिक सम्वन्ध हुनेछैन ।साथै असम्वन्धित र राजनीतिक गतिविधिहरुमा यी लाग्ने छैन । | नेपालको आधुनिक एलोपेथिक चिकित्सा पद्धतिमा प्रशिक्षित बालरोग विशेषज्ञद्वारा वालवालिकाहरुको कल्याणलाई आफ्नो जीवनको लक्ष्य वनाएर वालवालिकाहरुको स्वास्थ्यको विकासमा आफ्नो सामुहिक योगदानद्धारा देशको उन्नती र विकासमा सहयोग प्रदान गर्नका लागि यो नेपाल पेडियाट्रिक सोसाइटीको स्थापना गरिएको छ । यो विधानद्धारा संचालित हुने एक विशुद्ध स्वयंसेवी गैह्र सरकारी ,गैह्र नाफामूखी सामाजिक,गैह्र राजनीतिक र वैज्ञानिक संस्था हो । | मौजुदा विधानमा केहि भाषागत सुधार गर्नु आवश्यक देखिएकोले संसोधन गरिएको, गैरनाफामुखी छुटेकाले थपिएको |
| **१.संक्षिप्त नाम( प्रारम्भ)**<br>क) नेपाल पेडियाट्रिक सोसाइटी २०४३ | **१ .संक्षिप्त नाम र प्रारम्भ :**<br>क) यस संस्थाको नाम नेपाल पेडियाट्रिक सोसाइटी २०४३ हुनेछ । | स्थापना वर्ष थप गर्न जरुरी देखिएकोले |
| | ख) यस संस्थाको नाम अंग्रेजीमा NEPAL PAEDIATRIC SOCIETY छोटकरीमा NEPAS लेख्न सकिनेछ । | मौजुदा विधानमा उल्लेख नगरिएकोले आवश्यक परेको |
| | ग) यो विधान स्थानिय अधिकारीवाट स्विकृत भएको मितिदेखि लागु हुनेछ । | मौजुदा विधानमा व्यवस्था नभएको,संस्था दर्ता ऐनमा विधान लागु सम्वन्धमा भएको व्यवस्थालाई सम्वोधन गर्न संसाधन गरि व्यवस्था गरिएको । |
| | घ ) यो विधान संस्थाका सवै पदाधिकारी तथा सदस्यहरुमा लागु हुनेछ । | मौजुदा विधानमा व्यवस्था नभएकोले थप गरिएको । |
| | ङ) यस संस्थाद्वारा वालवालिकाहरुको स्वास्थ्यको विकासको लागि विभिन्न कार्य गर्नुका साथै नाफा नकमाइ सेवागर्ने उद्धेश्य राखी विभिन्न कार्य गर्न सकिनेछ र समान उद्धेश्य वोकेका संस्था दर्ता ऐन २०३४ वमोजिम गठित भएका सामाजिक र गैह्र सरकारी संस्थाहरुलाई समेत संलग्न गराइ सहकार्य गर्न सकिनेछ । | मौजुदा विधानमा प्रष्ट व्यवस्था नभएकोले थप गरिएको |

प्रशासकीय अधिकृत
२०६५।२।२३ को निर्णयानुसार संशोधन स्वीकृत

| | | |
|---|---|---|
| २. परिभाषा | २. परिभाषा<br>क ) सदस्य भन्नाले यस विधानको धारा ९ वमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्दछ । | मौजुदा विधानमा स्पष्ट व्यवस्था नभएकोले थप गर्नुपरेको |
| | ख) कार्य समिति भन्नाले यस विधानको धारा १२ वमोजिम गठित कार्यसमितीलाई बुझाउँछ । | मौजुदा विधानमा कार्यसमितिको परिभाषा नगरिएकोले परिभाषित गरिएको |
| च) साधारण सभा भन्नाले नेपाल पेडियाट्रिक सोसाइटीका सदस्यहरुको भेलालाई जनाउछ । यो सोसाइटीको सर्वोच्च विधायिका हुनेछ । | ग) साधारण सभा भन्नाले यस विधानको धारा १२ बमोजिम बोलाएको सदस्यहरुको साधारण सभालाई सम्झनुपर्दछ । | थप प्रष्ट पार्नपर्ने भएकोले यो व्यवस्था थपिएको |
| | घ) अध्यक्ष भन्नाले कार्यसमितिका अध्यक्षलाई जनाउछ | परिभाषित नगरिएकोले थप गरिएको |
| | ङ) पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष,उपाध्यक्ष,महासचिव,सचिव,कोषाध्यक्ष र सहकोषाध्यक्ष समेतलाई जनाउछ । | मौजुदा विधानमा पधाधिकारीको परिभाषा नगरिएकोले परिभाषित गरिएको |
| छ) दफा भन्नाले नेपाल पेडियाट्रिक सोसाइटीको विधानको दफा हुनुपर्दछ | च) दफा भन्नाले नेपाल पेडियाट्रिक सोसाइटीको विधानको दफाई बुझाँउछ । | भाषिक प्रष्टताको लागि शब्दको संसोधन गरिएको |
| | छ) शाखा भन्नाले यस विधान अनुरुप गठन भएको शाखालाई जनाउने छ । | मौजुदा विधानमा शाखाको व्यवस्था नभएको तर शंसोधनद्धारा शाखा गठन गर्न सकिने व्यवस्था प्रस्तावित गरिएकोले परिभाषित गर्न परेको |
| ग) नियमहरु भन्नाले सोसाइटीका विधानका दफाहरु अन्तर्गतका नियमहरु (तिनीहरुको संसोधन भएमा सो समेत वुभ्फिनेछ ) | ज) नियमहरु भन्नाले सोसाइटीको विधानको अधिनमा बनेका नियमहरुलाई बुझाँउछ । ( तिनको संसोधन भएमा सो समेतलाई बुझाँउछ । यसमा विनियम र सो अन्तर्गतका उपनियम र तिनमा भएको संसोधन पनि पर्दछ ) | नियम र विनियमलाई एउटै दफामा राखि स्पष्टता पार्न परेकोले |
| ट) उपनियमहरु भन्नाले विनियम अन्तर्गतका उपनियम वुझिनेछ । | दफा झ मै राखिएकोले हटाइएको | उपनियमलाई पनि नियम र विनियमकै दफामा राखिएको |
| | झ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस विधान अन्तर्गत बनेको नियमावली वा नियमावलीमा तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्दछ । | मौजुदा विधानमा व्यवस्था नभएकोले थप्नु परेको । |
| | ञ) समिति भन्नाले शाखा समितिलाई समेत जनाउछ । | शाखा समिति थपिएकोले परिभाषित गर्नु परेको |
| | ट) सव स्पेशियालिटी च्याप्टर भन्नाले बालरोग अन्तर्गत नेपाल मेडिकल काउन्सिलले तोकेका सव स्पेशियालिटी च्याप्टरलाई वुझाउनेछ । | सव स्पेशियालिटी च्याप्टरको व्यवस्था र परिभाषा मौजुदा विधानमा नभएको परिभाषित गर्नुपरेको । |

| | | |
|---|---|---|
| छ । कार्यकारिणी सभा भन्नाले सोसाइटीको संविधान अनुसार गठन भएको ,सोसाइटीको संचालन गर्ने समिति बुझिनेछ । यस सोसाइटीको संविधामा सवै ठाँउमा पुलिगको प्रयोग भएतापनि यो संविधान दुवै लिंगको लागि वरावर लागु हुनेछ। | | कार्यकारिणी सभालाई हटाइएको कार्यसमितिको व्यवस्था गरि संशोधन गरिएको, |
| ३. सस्थाको छाप : नेपाल पेडियाट्रिक सोसाइटीको २०४३ लेखेको गर्भभित्रको बालकको चित्र भएको गोला आकारको छाप | **३.संस्थाको नाम र छाप :**<br>क . संस्थाको अनूसुचिमा उल्लेख भए बमोजिम लोगो प्रयोग गर्ने अधिकार यस सोसाइटीलाई मात्र हुनेछ ।<br>ख. संस्थाको अनूसुचिमा उल्लेख भए बमोजिम लोगो प्रयोग गर्ने अधिकार यस सोसाईटीलाई मात्र हुनेछ । | संस्थाको नाम र प्रयोग हुने लोगो अंकित छापको वारेमा थप व्यवस्था गर्नुपर्ने र संस्थाको लोगो अंकित छाप प्रयोग गर्नुपर्ने आवश्यकता भएकोले थप शंसोधित व्यवस्था गरिएको, |
| **४ . संस्थाको कार्यालय : -**<br>अँचल,जिल्ला,न.पं,गा.पं, वार्ड नं : वाग्मति अञ्चल,काठमाडौ जिल्ला ,महाराजगञ्ज ,नेपाल । | **४ . संस्थाको कार्यालय :**<br>संस्थाको केन्द्रिय कार्यालय काठमाडौमा रहनेछ । स्थानिय अधिकारीको स्वीकृत लिई विभिन्न शाखा कार्यालयहरु आवश्यकता अनुरुप प्रत्येक प्रदेशमा शाखा खोली कार्य क्षेत्र विस्तार गर्न सकिनेछ । | शाखा कार्यालयको समेत व्यवस्था गरिएकोले थप्नु परेको |
| | **५. सोसाइटी स्वशासित र संगठित हुने:** सोसाइटी एक अविछिन्न उत्तराधिकारवाला र स्वशासित संगठित, गैर नाफा मूलक, गैर राजनितिक सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन । | मौजुदा विधानमा यस सम्वन्धि कुनै व्यवस्था नगरिएकोले व्यवस्था गर्नु जरुरी भएकोले थपिएको |
| **परिच्छेद २**<br>**उद्धेश्य :**<br>**५. संस्थाको उद्धेश्यहरु :**<br>क. यस सोसाइटीका सदस्यहरुका विच वाल स्वास्थ्यको विभिन्न पक्षहरु वर्ण ज्ञान र अनुभवको आदानप्रदान गर्नु ।<br>ख. देशको वाल स्वास्थ्य सम्बन्धित समस्याहरुको समाधानको प्रयास गर्नु ।<br>ग.दक्षिणपूर्वी एशिया र अन्य क्षेत्रका वाल स्वास्थ्य क्षेत्रमा कार्यरत कार्यकर्ताहरुका विचको सहयोग वढाइ वालहितको प्रवर्द्धन गर्नु ।<br>घ.देशमा वालकहरुको समस्याको समाधानमा कार्यरत सरकारी एवं गैर सरकारी दुवै निकायहरुको सेवा र सहयोगमा तत्पर रहनु ।<br>ए. नियमित जर्नल र स्वास्थ्य शिक्षण सामाग्रीहरुको प्रभावान तथा गोष्ठी ,कार्यशाला आदिको | **परिच्छेद २**<br>**उद्धेश्य :**<br>**६. सोसाइटीका उद्धेश्यहरु :**<br>प्रचलित कानूनको अधिनमा रही सोसाइटीका उद्धेश्यहरु देहाय बमोजिम हुनेछन ।<br>क. यस सोसाइटीका सदस्यहरुका विच वालस्वास्थ्य सम्वन्धि अनुसन्धान,सेवा,तालिम,शिक्षा,लगायत विभिन्न पक्षहरुको ज्ञान र अनुभवहरुको आदानप्रदान गर्ने ।<br>ए. नियमित स्वास्थ्य जर्नल र स्वास्थ्य सम्वन्धि शिक्षण सामाग्रीहरुको प्रकाशन गर्ने र विभिन्न गोष्ठी,कार्यशाला,तालिम आदिको आयोजना गरि जनसाधारणमा वाल स्वास्थ्यका बिभिन्न पक्षहरु वारे जनचेतनामुलक गतिविधिहरु सञ्चालन गर्ने ।<br>छ. वाल स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने व्यवस्थित सफा खानेपानी ,सुलभ सौचालय,सरसफाई लगायतका क्षेत्रमा सचेतनामूलक कार्यक्रमहरु जनस्तरमा सञ्चालन गर्ने ।<br>ज. सोसाइटीको उद्धेश्य प्राप्तिका लागि विभिन्न सरकारी एवं गैह्र सरकारी संघसंस्थाहरुसंग समन्वय गरि क्रियाशिल रहने । | मौजुदा विधामा भएको उद्धेश्यमा केहि उद्धेश्य थप्नु आवश्यक देखिएकोले थप गरिएको र केहिमा भाषागत स्पष्टता नभएकोले स्पष्टता पारिएको । |

| | | |
|---|---|---|
| आयोजनाद्वारा जनसाधारण वाल स्वास्थ्यका विभिन्न पक्षवारे चेतना फैलाउनु।<br>च. देशमा वालरोग र मृत्यूको दर कम गर्नका भरमग्दुर कोशिस गर्नु। | | |
| थप गर्ने | **७. सोसाइटीको काम, कर्तव्य र अधिकार**<br>सोसाइटीको विधानको धारा ६ बमोजिम आवश्यक कार्यहरु गर्न सकिनेछ।<br>क. संस्थाले संचालन गरेका कार्यहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्ने।<br>ख. सोसाइटीवाट संचालित विभिन्न जनचेतना जगाउने कार्यवाट पर्न गएको सकारात्मक प्रभावहरुको विश्लेषण तथा प्रचार प्रसार गर्ने।<br>ग.उद्धेश्य मिल्ने कार्यहरुमा सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई सहयोग गर्ने।<br>घ.सोसाइटी संचालनको निम्ति अनुदान,चन्दा वा दान दातव्य ग्रहण गर्ने।<br>ङ.सोसाइटीको कामको निमित्त कुनैपनि राष्ट्रिय र अन्तराष्ट्रिय संस्था वा निकाय, व्यक्तिसंग नगद, जिन्सि तथा प्राविधिक सहयोग अनुदान लिने। यसरी विदेशी अन्तराष्ट्रिय संस्थासंग सहयोग लिंदा वा अनुदान लिदा समाज कल्याण परिषदको पूर्व स्विकृति लिनुपर्नेछ।<br>च.समग्रमा सोसाइटीको उद्धेश्य पूर्तिका लागि आवश्यक र सहयोग हुने सम्पूर्ण कार्य गर्ने।<br>छ. वालस्वास्थ्यसंग सम्वन्धित विषयहरुमा शोध तथा अनुसन्धानका कार्यहरु गर्ने। | मौजुदा विधानमा काम,कर्तव्य र अधिकारको वारेमा प्रष्ट व्यवस्था नभएकोले थप गर्नुपरेको |
| **परिच्छेद ३**<br>**सदस्यता :**<br>**६.सदस्यको योग्यता** :<br>वाल स्वास्थ्यको क्षेत्रमा समूचित योग्यता प्राप्त र मेडिकल काउन्सीलमा दर्ता भएका स्वदेशी तथा विदेशी यस सोसाइटीको सदस्य वन्न सक्नेछन्। सदस्यता कार्यकारिणी समितीले वन्न चाहानेको योग्यता रुजु गरेर मात्र नियमित गर्न सकिनेछ।<br>**७. सदस्यताको प्रकार** :<br>साधारण सदस्य :,आजिवन सदस्य,सहसदस्य, सदस्यको शुल्क : स्वदेशी तथा विदेशी प्रवेश शुल्क सहसदस्यको लागि : रु २५।<br>सदस्यको लागि : रु५०।<br>आजिवन सदस्य नेपालीहरुलाई :रु. १०००।<br>अन्य सार्क राष्टका नागरिकहरुलाई :रु. १५००।<br>अन्य राष्टका नागरिकहरुलाइ यूएस डलर १००। वरावरको नेपाली मुद्रा।<br>**८. सदस्यता प्रदान गर्ने विधि** : साधारण | **परिच्छेद ३**<br>**सदस्यताको प्राप्ती र समाप्ती सम्वन्धि व्यवस्था :**<br>**८. सदस्यको योग्यता :**<br>१) वालरोग विषयमा पोष्ट ग्राजुयट वा डिप्लोमा वा स्नातकोत्तर गरेको वा सो भन्दा वढी योग्यता भइ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको वालरोग विशेषज्ञ<br>क.मानसिक सन्तुलन ठिक भएको,<br>ख. फौजदारी मुद्धामा अदालतवाट कसुर नठहरिएको ,<br>ग. नैतिक पतन नदेखिएको।<br>घ. नेपाली नागरिक।<br>ङ. १८ वर्ष उमेर पुरा गरेको।<br>च. सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको।<br>२.सदस्यता प्राप्त गर्नको लागि अनूसूची २ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्ने छ।<br>३. सोसाइटीको कार्य समितिले आवेदकलाई माथि उल्लेखित योग्यता पुगेमा सदस्यता प्रदान गर्नेछ।<br>**९.सदस्यता** :<br>यस सोसाइटीमा देहाय बमोजिमको सदस्यता प्रदान गर्न सकिनेछ।<br>क.संस्थापक सदस्य<br>ख.साधारण सदस्य | मौजुदा विधानमा स्पष्टता नभएका कुराहरु थप स्पष्ट पार्न ।समयानुकुल शंशोधन आवश्यक देखिएकोले।<br>विदेशीलाई सदस्यता दिने प्रावधान हटाइएको,सहसदस्यको व्यवस्था हटाइएको।<br>समयाकुल वनाउन सदस्यता शुल्क वृद्धि गर्न जरुरी भएकोले वृद्धि गरिएको। |

| | | |
|---|---|---|
| सदस्यहरु,ति नेपाली नागरिकहरु र अन्य कुनैपनि नेपालमा वाल स्वास्थ्य सम्वन्धि विशेषताहरुको योग्यता छ ति साधारण सदस्य हुनेछन् ।<br>आजिवन सदस्य ,ति साधारण सदस्यहरु जसले विनियममा उल्लेख गरे अनुसारको रकम वार्षिक शुल्कको रुपमा बुझाएका छन् तिनिहरु आजीवन सदस्य हुनेछन् ।<br>सह सदस्य ,वाल स्वास्थ्यको क्षेत्रमा कार्यरत तर सम्वन्धित कुनै योग्यता प्राप्त नगरेका व्यक्तिहरु सहसदस्य हुनेछन् ।<br>**९. सदस्यको योग्यता** :<br>माथि उल्लेखित सवै योग्यता अनिवार्य छ । | ग. आजिवन सदस्य<br>**९.१ सदस्यको परिभाषा** : यस सोसाइटीको सदस्यता देहाय वमोजिम हुनेछन् ।<br>क. संस्थापक सदस्य : सोसाइटीको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका र संस्थाको पहिलो विधानमा हस्ताक्षर गर्नेहरु संस्थापक सदस्य मानिनेछन् । संस्थापक सदस्यलाई चुन्ने र चुनिने वाहेक सवै अधिकार हुनेछ । उनीहरु सोसाइटीको साधारण सभामा उपस्थित हुन पाँउछन् ।<br>ख.साधारण सदस्य : सोसाइटीको विधान अनुरुप योग्यता पुगेका व्यक्तिले सोसाइटीको विधानको धारा १० वमोजिम साधारण सदस्य वन्न सक्नेछ ।<br>ग. आजिवन सदस्य : सोसाइटीको विधान अनुरुप योग्यता पुगेका नेपाली नागरिकले एकमुष्ठ रु.५०००। बुझाई अनुसूची २ बमोजिमको ढाँचामा आवेदन दिइ कार्यसमितिवाट स्विकृत प्राप्त भएपछि आजिवन सदस्यता प्राप्त हुनेछ ।आजिवन सदस्यलाई चुन्ने र चुनिने अधिकार हुनेछ ।<br><br>**१०. सदस्यता सम्वन्धि अन्य व्यवस्था** :<br><br>क. साधारण सदस्य बन्नको लागि बार्षिक ३५००। तिरी सोसाइटीको धारा ९ मुताविकको साधारण सदस्यता लिन सक्नेछ । साधारण सदस्यले वार्षिक रुपमा रु.३५००। तिरी नविकरण गर्न सक्नेछ ।<br>ख. सदस्यताको प्रयोजनको लागि वर्ष गणना गर्दा सुरुमा सदस्यता जहिले लिएको भएपनि असार मसान्तसम्मको अवधिलाई एक वर्ष मानिनेछ ।<br>**११.सदस्यताको समाप्ती** :<br>क. सदस्यतावाट राजिनामा दिएमा ।<br>ख.मृत्यू भएमा ।<br>ग.धारा ८ बमोजिम योग्यता नरहेमा ।<br>घ. धारा २४ बमोजिम सदस्यतावाट निष्काशन गर्ने निर्णय पारित भएमा ।<br>ङ गैर नेपाली नागरिक भएमा । | विदेशीलाई सदस्यताको प्रावधान हटाउनु उपयुक्त भएकोले हटाइएको,नेपाली कानून बमोजिम सदस्य हुन योग्यता निर्धारण गर्नुपरेकोले सदस्यको योग्यता थप गरिएको,<br>सहसदस्यता उपयुक्त नदेखिएकोले शंसोधन गरिएको, |
| | **परिच्छेद ४**<br>**सोसाइटीका विभिन्न निकायहरुको गठन,काम,कर्तव्य र अधिकार** :<br>**१२. साधारण सभा** :<br>क. सोसाइटीको विधानको धारा ९ वमोजिम सदस्य रहेको नेपाल पेडियाट्रिक सोसाइटीको साधारण सभा रहनेछ ।<br>ख.अधिवेशन हुने मिति,स्थान,समय र छलफलका विषयहरु समेत खुलाई कम्तीमा १५ दिन पूर्व नै सदस्यहरुलाई सूचना दिनुपर्नेछ ।<br>सार्वजनिक संचार माध्यममा समेत सूचना प्रकाशित गर्नुपर्नेछ ।<br>ग.सदस्य संख्याको कम्तिमा दुइ तिहाइ सदस्यको उपस्थितिविना साधारण सभा गर्न | साधारण सभाको सूचना,साधारण सभाको गठन,काम कर्तव्य र अधिकार ,साधारण सभाका छलफलका विषय,अध्यक्षको भूमिका लगायतका विषयहरुमा मौजुदा विधानमा प्रष्टता नभएकोले प्रष्टताको निम्ती थपगर्न जरुरी भएकोले थप गरिएको , |

पाइनेछैन । यदि सो संख्या नपुगेमा ७ दिनको म्याद दिई पुन साधारण सभा बोलाईने छ । यसरी बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएका सभ ागर्न बाधा पर्ने छैन उक्त ५१% को गण पुरक संख्या नपुगी पुन ७ दिनको म्याद दिइ बोलाइएको साधारण सभामा ५१% नपुगे पनि सभा गर्न बाधा पर्ने छैन ।

घ. अधिवेशनको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

ङ.अधिवेशनमा विधानमा अन्यथा लेखिएको वाहेक दुई तिहाइ वहुमतले निर्णय गरिनेछ ।

च. सामान्यतयाः अध्यक्षता गर्ने व्यक्तिले मत दिन पाउने छैन । तर कुनैपनि विषयमा मत वरावर भएमा निर्णायक मत दिन पाउनेछ ।

छ. अधिवेशनका निर्णयहरु अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नुपर्दछ ।

ज. अधिवेशनको निर्णयको अभिलेख महासचिवले राख्नुपर्दछ ।

**१३. साधारण सभामा प्रस्तुत गर्नुपर्ने विषयहरु :**

देहायका विषयहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

क.आय व्यय विवरण र संचालन गर्नुपर्ने कार्यक्रमहरु ।

ख. लेखापरिक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने विषय ।

ग. सोसाइटीको विधान संशोधन प्रस्ताव ।

घ. सदस्यतावाट निष्काशन प्रस्ताव ।

ए.समिती वा कुनै पदाधिकारी उपर विश्वास छैन भन्ने विषय ।

च. निर्वाचन समितिको नियुक्ती सम्वन्धि विषय ।

छ.समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने सम्वन्धि विषय ।

ज. विधान कार्यन्वयनमा कुनै कठिनाई आएमा त्यसको समाधानको विषय ।

झ. कुनै निकायले गर्ने भनि नतोकीएको र समितिले आवश्यक सम्झेमा अन्य विषय ।

**१४. विशेष अधिवेशन :**

क.सोसाइटीको तत्काल कायम रहेको सदस्य संख्याको कम्तिमा ३५ प्रतिशत सदस्यसंख्याले समिति समक्ष साधारण सभाको विशेष अधिवेशन बोलाउन कारण र विषय समेत उल्लेख गरि लिखित आवेदन गरेमा समितिले ३५ दिनभित्र विशेष अधिवेशन वोलाउन पर्नेछ ।

ख.विशेष अधिवेशनमा प्रस्तावक सदस्यले उल्लेख गरेका विषयमा सिमित रही छलफल हुनेछ ।

ग. विशेष अधिवेशनको अन्य कारवाही विधानको धारा १२ वमोजिम हुनेछ ।

**१५. कार्यसमिति :**

१. यस सोसाइटीको देहाय बमोजिमका पदाधिकारी रहनेगरि वढीमा १५ सदस्यीय कार्यसमिति रहनेछ ।

क.साधारण सभावाट निर्वाचित अध्यक्ष १,उपाध्यक्ष १,महासचिव १,सचिव १,कोषाध्यक्ष १,सहकोषाध्यक्ष १ र ९ जना सदस्यहरु ।

ख .तत्काल पदावधी पुरा भई निवर्तमान भएका अध्यक्ष पदेन सदस्य हुनेछन । तर निज कुनैपनि पदमा निर्वाचित भएमा त्यस स्थानमा निवर्तमान कार्यसमितीका पदाधिकारी

मध्येवाट समितिले १ जना सदस्य मनोनित गर्नेछ ।
ग. कार्यसमिति नेपाल पेडियाटिक सोसाइटीको कार्यकारीणी निकाय हुनेछ ।
घ . समिति वा समितिको कुनै रिक्त पदको निर्वाचन सोसाइटीका सदस्यहरु मध्येवाट गर्नेछ । समितिको कार्यकाल सामान्यत: २ वर्षको हुनेछ । तर कार्यकाल गणना गर्दा जुनसुकै महिना निर्वाचन भएको भएपनि ई. सम्वत अनुसार पहिलो वर्षको जुन १६ गते नेपास जन्मउत्सबमा सुरु भइ दोस्रो वर्षको जुन १५ सम्ममा समाप्त भएको मानिनेछ । कुनै कावु बाहिरको परिस्थिति परि तोकिएको समयमा निर्वाचन हुन नसकेमा कार्यसमितिको पदावधि वढीमा ६ महिनासम्मको लागि थप हुन सक्नेछ ।

**१६.कार्यसमितिको वैठक :**

क)समितिको वैठक ३ महिनाको एक पटक वस्नेछ । तर आवश्यकता अनुसार सो भन्दा अगावै पनि वस्न सक्नेछ ।
ख . समितिको वैठक अध्यक्षको निर्देशनमा महासचिवले वोलाउनेछ ।
ग.समितिको तत्काल कायम ५० प्रतिशत पदाधिकारी सदस्यहरुले बैठक वोलाउन अध्यक्षसंग लिखित माग गरेमा १५ दिनभित्र बैठक वोलाउनुपर्नेछ ।
घ.बैठकको गणपुरक संख्या ५१ प्रतिशतलाई मानिनेछ ।
र. समितिमा कुनैपनि निर्णय उपस्थित सदस्यसंख्याको बहुमतको आधारमा गरिनेछ ।
च.निर्णयको अभिलेख समितिको महासचिवले राख्नुपर्नेछ ।
छ. वैठक सम्वन्धि अन्य कार्यविधि समितिले निर्धारण गर्न सक्नेछ ।

**१७.समितिको काम,कर्तव्य र अधिकार :**

*समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।*
*क.नियम वनाइने स्वीकृतिको लागि साधारण सभामा पेश गर्ने ।*
*ख.आयव्यय विवरण तयार पार्ने,कार्यक्रम वनाउने र साधारण सभावाट पारित गराइ लागु गर्ने ।*
*ग.सोसाइटीको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ,*
*घ. सदस्यता प्रदान गर्ने,*
*ङ. सोसाइटीको लागि आवश्यक कर्मचारीको नियुक्ती,प्रमोशन,वखास्ती र दण्ड पुरस्कार दिने, ,*
*च.सल्लाहकारको नियुक्ती गर्ने,*
*छ..लेखापरिक्षण गराउने र साधारण सभावाट पारित लेखापरिक्षण प्रतिवेदन उपर तोकिएका कुराहरु सम्वन्धि कार्वाही गर्ने ,*
*ज.स्वीकृत वजेट कार्यक्रम वमोजिम चलअचल सम्पत्ति खरिद तथा विक्री गर्ने र सुरक्षा दिने,*
*झ.साधारण सभाले तोकेका अन्य कार्य गर्ने ,*

**१८. समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार:**

*देहायका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।*

| | | |
|---|---|---|
| | क . अध्यक्षको काम,कर्तव्य र अधिकार :<br>१. बैठकको अध्यक्षता गर्ने,<br>२.सोसाइटीको हितको लागि गर्नुपर्ने सम्पुर्ण काम,कर्तव्यको प्रमुख जिम्मेवारी वहन गर्ने ,<br>३.सोसाइटीको तर्फवाट कामकार्वाहीमा प्रतिनिधित्व गर्ने,<br>४.साधारण सभा र कार्यसमितिका निर्णयहरु कार्यन्वयन गर्ने गराउने,<br>५.आवश्यक देखिएमा साधारण सभा र कार्यसमितिको वैठक वोलाउन महासचिवलाई निर्देशन दिने,<br>६. नेपाल सरकार,समाज कल्याण परिषद लगायतका निकायको आदेश बमोजिम विवरण र प्रतिवेदन पेश गर्ने,<br>७. सोसाइटीका सम्पूर्ण चलअचल सम्पत्तिको रेखदेख र संरक्षण गर्ने,<br>८. कार्यसमितिलाई आवश्यक निर्देशन दिने,<br>९समितिको वैठक नवसेको अवस्थामा कुनैकार्य गर्न आवश्यक देखिएमा सो कार्य गरि आगामी बैठकमा पेश गर्ने ,गराउने,<br>१०.सोसाइटीको हितका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने ,<br>ख. उपाध्यक्षको काम,कर्तव्य र अधिकार :<br>१. अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भइ कार्य गर्ने,<br>२. अध्यक्षले प्रत्यायोजन गरेका कार्य गर्ने,<br>३.संस्थाको हितको लागि आवश्यक कार्य गर्ने,<br>४.अध्यक्षलाई आवश्यक सल्लाह र सहयोग गर्ने,<br>ग.महासचिवको काम,कर्तव्य र अधिकार :<br>१. साधारण सभा तथा समितिको निर्णयको अभिलेख राख्ने र कार्यन्वयनका लागि सम्वन्धित क्षेत्रमा पठाउने,<br>२.सोसाइटीको दैनिक प्रशासनिक कार्य संचालन गर्ने,रेखदेख र नियन्त्रण गर्ने ,<br>३.कार्यसमितिको वैठक ,साधारण सभाको बैठक लगायतको पत्राचार गर्ने,<br>४.समितिको तर्फवाट साधारण सभामा वार्षिक प्रगति प्रतिवेदन तयार पारि पेश गर्ने,<br>५. आधिकारीक प्रतिनिधिको रुपमा केन्द्रिय कार्यालयका आवश्यक कागजात प्रमाणित गर्ने,<br>६.सदस्यताको अभिलेख राख्ने,<br>७. सूचनाहरु प्रकाशित गर्ने,<br>८.कर्मचारीको रेखदेख,मूल्यांकन र नियन्त्रण गर्ने,<br>९. आगामी कार्ययोजना तयार पारि कार्यसमितिको बैठकवाट पारित गराउने र साधारण सभामा पेश गर्ने,<br>घ. सचिवको काम,कर्तव्य र अधिकार :<br>१. महासचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने,<br>२.महासचिवको काममा सहयोग गर्ने,<br>३.सोसइटीका दैनिक कर्मचारी प्रशासनका कामकार्वाहीको अनुगमन र निर्देशन दिने, | मौजुदा विधानमा विशेष अधिवेशनको प्रावधान नभएकोले संस्थाको विशेष परिस्थितिमा अधिवेशन बोलाउन जरुरी पर्ने हुँदा विशेष अधिवेशन सम्वन्धि प्रावधान थप गरिएको,<br><br>कायम रहेको विधानले कार्यसमितिको संख्या निर्धारण नगरेकोले पर्नसक्ने समस्यालाई दृष्टिगत गरि संशोधन गरिएको ,<br><br>पदाधिकारीमा लैगिक सम्वेदनशिलतालाई मध्यनजर गर्नुपर्ने देखिदा सभापति र उपसभापति पदलाई अध्यक्ष र उपाध्यक्ष निर्धारण गरि शंसोधन गर्नुपरेको ,वहुपदयि पद्धतिमा समितीलाई लैजान जरुरी भएकोले महासचिव पद र उपकोषाध्यक्ष पद थप गरिएको,<br><br>मौजुदा विधानले कार्यसमितिको वैठक र गणपूरक संख्या,निर्णय प्रकृया,काम कर्तव्य र अधिकारको प्रष्ट व्यवस्था नगरेकोले शंसोधन गरि प्रष्टता पार्नुपरेको,<br><br>कार्यसमितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकारको वारेमा |

| | | |
|---|---|---|
| | ४. *महासचिवले दिएका अन्य काम गर्ने,*<br>५. *अध्यक्षले तोकेको कुनैपनि कार्य गर्ने ,*<br>कोषाध्यक्षको काम,कर्तव्य र अधिकार :<br>१.सोसाइटीका सम्पुर्ण नगद,जिन्सि,मालसामानहरुको जिम्मा लिइ ततसम्वन्धि स्रेस्ता राख्ने<br>२.सोसाइटीको आयव्यय विवरण तथा लेखा प्रतिवेदन तयार पारि कार्यसमितिमा पेश गर्ने र निर्णय गराइ साधारणसभा समक्ष पेश गर्ने,<br>३. सोसाइटीको आर्थिक कारोवार दुरुस्त राख्ने,<br>४.आर्थिक व्यवस्थापन सम्वन्धि सबै विषयको जिम्मा लिने,<br>५.आर्थिक व्यवस्थापनको अनुगमन,निरिक्षण,निर्देशन र नियन्त्रण गर्ने,<br>६.आर्थिक श्रोत व्यवस्थापन सम्वन्धि अल्पकालिन र दिर्घकालिन कार्यक्रमहरुको विकास गर्ने गराउने,<br>च. सहकोषाध्यक्ष काम,कर्तव्य र अधिकार :<br>कोषाध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्न तथा अध्यक्ष र समितिले तोकेका कार्यहरु गर्ने ,<br>छ. सदस्यहरुको काम,कर्तव्य र अधिकार :<br>१.केन्दिय कार्यसमितिवाट निर्धारित शाखासंग नियमित सम्पर्क,निरिक्षण अवलोकन गर्ने,<br>२.तोकिएको शाखाको वर्षमा कम्तिमा एकपटक भ्रमण गरि शाखाको यथार्थ अवस्थाको वारेमा कार्यसमितिको वैठकमा प्रतिवेदन पेश गर्ने ,<br>३.वैठकमा भाग लिने।<br>४.तोकिएको शाखाको कार्यक्रममा भाग लिने र सहयोग गर्ने,<br>५.कार्यसमितिको वैठकमा सोसाइटीको हित हुने प्रस्ताव पेश गर्ने,<br>६.कार्यसमितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन दिएका कुराहरुको पालन गर्ने, | उल्लेख्य व्यवस्था मौजुदा विधानमा नभएकोले थप प्रष्टताको लागि शंसोधन गरि थप व्यवस्था गर्नुपरेको, |
| | **१९. शाखा गठन :**<br>क .यस सोसाइटीको शाखा विस्तार गर्न कम्तिमा २५ जना सदस्यले लिखित रुपमा कार्यसमिति समक्ष माग गरेमा कार्यसमितीको निर्णय बमोजिम काठमाडौ उपत्यका वाहेक हरेक प्रदेशमा एउटा शाखा गठन हुन सक्नेछ ।<br>ख.सोसाइटीको शाखा कार्यालयमा अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्ष सहित वढीमा ७ सदस्यीय शाखा समिति हुनेछ । केन्द्रिय कार्यसमितिले पहिलो पटक शाखा विस्तार गरेको १ वर्षभित्र निर्वाचन गरि नयाँ शाखा समिति गठन गर्नुपर्नेछ । शाखा गठन पश्चात संचालनको लागि १ पटक मात्र केन्द्रले रु ५०,००० (पचास हजार मात्र) प्रदान गर्ने छ ।<br>१९. शाखा समितिको अधिवेशन :<br>१.१. शाखा भित्रका सदस्यहरुलाई कम्तिमा २१ दिन अगावै अधिवेशन हुने मिति,स्थान र समय उल्लेख गरि पत्राचार गरि वर्षको एक पटक अधिवेशन गर्नुपर्नेछ ।<br>१.२.साधारण सभा सम्वन्धि अन्य कार्यविधि विधानको धारा १२ बमोजम हुनेछ ।<br>१.३.निर्वाचन प्रयोजनका निम्ती हुने साधारण सभामा केन्द्रिय कार्यसमितिले तोकेको | देशको प्रशासनिक ढाँचामा परिवर्तनको संवैधानिक प्रावधान भएकोले सोहि मुताविक प्रदेशमा शाखा गठन र शाखा कमिटीको काम,कर्तव्य र अधिकारको व्यवस्था,शाखाको अधिवेशन, वैठक,विघठन आदिको व्यवस्था थप गरिएको |

व्यक्तिको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन गरि निर्वाचन सम्वन्धि कार्य गर्नुपर्नेछ । २ सदस्य मध्ये कम्तिमा एकजना कानून व्यवसायी अनिवार्य हुनेछ ।

**२०. शाखा कमिटीको काम,कर्तव्य र अधिकार :**

शाखा कमिटिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. शाखाको वृहत्तर हितमा कार्यक्रमहरु तर्जूमा गर्ने,

ख.योजनाको तर्जुमा गरि केन्द्रिय समितिमा पठाउने,

ग.केन्द्रले तोकेका दायित्वहरु समयमै वुझाउने,

घ.अधिवेशन मार्फत शाखाको नेतृत्व चयन गर्ने,

ं. सोसाइटीको वृहत्तर हितमा कार्य गर्ने,

च.केन्द्रिय कार्यसमितिले दिएका निर्देशनहरु पालन गर्ने,

छ. शाखा कमिटीको अधिवेशनमा वार्षिक वजेट र कार्यक्रम पारित गरि प्रस्तुत गर्ने,

ज.केन्द्रिय साधारण सभा र केन्द्रिय कार्यसमितीवाट पारित नीति,निर्देशनको पालना गर्ने,

झ.केन्द्रिय कार्यालयमा नियमित सम्पर्क गर्ने,

ञ. त्रैमासिक प्रतिवेदन र वार्षिक प्रतिवेदन केन्द्रिय कार्यालयमा पठाउने,

ट.शाखाले कुनैपनि स्वदेशी वा विदेशी दातृनिकायवाट अनुदान,सहयोग र संझौताहरु गर्नुपूर्व केन्द्रिय समितिको स्वीकृति लिनु अनिवार्य हुनेछ ।

ठ. शाखाको वार्षिक आर्थिक गतिविधि केन्द्रले खटाएको व्यक्तिवाट लेखापरिक्षण गराउनुपर्नेछ र सो प्रतिवेदन केन्द्रमा पठाउनुपर्छ ।

ड.माथि उल्लेखित वाहेक केन्द्रले तोकेका कार्यहरु गर्ने ,

**२१. शाखा कमिटीको पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार :**

क.अध्यक्षको काम,कर्तव्य र अधिकार :

१.शाखा कमिटीको बैठकको अध्यक्षता गर्ने,

२.शाखाको साधारण सभावाट पारित निर्णयहरु पालन गर्ने गराउने,

३. केन्द्रिय कार्यसमितीवाट दिएको निर्देशन पालन गर्ने गराउने,

४.शाखाको सम्पत्ति जिम्मा लिने,रेखदेख गर्ने,

५.शाखावाट केन्द्रका विविध गतिविधिमा प्रतिनिधित्व गर्ने ,

६. केन्द्रिय कार्यसमितिले तोकेका अन्य कार्य गर्ने,

ख.उपाध्यक्षका काम,कर्तव्य र अधिकार :

१.अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने,

२. अध्यक्षलाई सहयोग गर्ने,

३. शाखाको हितमा कार्य गर्ने ,

ग.सचिवको काम,कर्तव्य र अधिकार :

१.अध्यक्षको निर्देशन अनुरुप शाखाको वैठक डाक्ने,

२.वैठक र शाखाको साधारणसभाको अभिलेख राख्ने,

३.शाखाको सम्पत्ति रेखदेख र संरक्षण गर्ने,

४.शाखाको दैनिक प्रशासन सञ्चालन गर्ने,
५.शाखाको साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन तयार पारि शाखाको वैठकमा पेश गरी पारित भएको प्रतिवेदन साधारण सभामा पेश गर्ने,
६.शाखाको साधारणसभाद्धारा पारित प्रतिवेदन केन्द्रमा पठाउने,

घ.कोषाध्यक्षको काम,कर्तव्य र अधिकार :
१.शाखा कमिटीको तर्फवाट साधारणसभामा वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने,
२.आगामी वर्षको प्रस्तावित आयव्यय विवरण प्रस्तुत गर्ने,
३.निर्धारित ढाँचामा शाखा समितिको आयव्यय विवरण प्रस्तुत गर्ने,
४.शाखाको आर्थिक व्यवस्थापनको जिम्मेवारी लिने,

ं. सदस्यहरुको काम,कर्तव्य र अधिकार :
१. शाखा कमिटीको वैठकमा भाग लिने,
२.सोसाइटीको हितमा कार्य गर्ने,
३.शाखा कमिटीका गतिविधीहरुमा सक्रिय सहभागिता जनाउने,
४. तोकेका अन्य जिम्मेवारीहरुको पालना गर्ने,

**परिच्छेद ५**
**आर्थिक व्यवस्था :**
**२२. कोष :**

१. यस सोसाइटीको आफ्नो छुट्टै कोष हुनेछ । उक्त कोषमा देहाय बमोजिम आम्दानी बाँधिनेछ ।
क . प्राप्त अनुदान तथा सहायता रकम,
ख.दाताहरुवाट प्राप्त दान,दातव्य तथा उपहार,
ग . सदस्यता शुल्क,
घ.चलअचल सम्पत्तिवाट प्राप्त हुने आम्दानी,
R..विविध वास्थ्य सम्वन्धि अनुसन्धानवाट प्राप्त रकम,

२. कोषको सञ्चालन :
क.कोषको रकम सोसाइटीको नामवाट कुनैपनि वाणिज्य वैंकवाट जम्मा गर्न सकिनेछ ।
ख. कोषको रकम आर्थिक नियमावली बमोजिम सञ्चालन हुनेछ । आर्थिक नियमावली नवनेसम्म कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।
ग.कोषको सञ्चालन सोसाइटीका अध्यक्ष वा महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुईजनाको संयुक्त दस्तखतवाट बैंक खाता सञ्चालन गरिनेछ र तर कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।
घ. अचल सम्पति बिकी गर्दा स्थानीय अधिकारीको स्वीकृती लिइनेछ ।

**२३.लेखापरिक्षण :**

<table>
<tr>
<td>परिच्छेद ६<br>आर्थिक व्यवस्था :<br>१७.आर्थिक श्रोत<br>जर्नल विक्री,विज्ञापन सहयोग आदिवाट ,<br>१८.चलअचल सम्पत्तिको विवरण : ललितपूर पूल्चोकमा २ रोपनी जग्गा,टोयोटा कार,मेच ४,टाइपराइटर,२ ,दराज २,सोफा १,पंखा १,टेवुल२ आदि छ ।<br>१९. कोष :नेपाल वैक लिमिटेड लाजिम्पाटमा रु.५०,०००। नगद जम्मा छ ।<br>२०. लेखापरिक्षण :<br>क. लेखा परिक्षण सम्वन्धि प्रकृया उल्लेख गर्ने : प्रत्येक आ.वमा रजिष्टर्ड अडिष्टरवाट लेखा परिक्षण गराई सो नेपासद्वारा प्रकाशित हुने जर्नलमा प्रकाशित गरिने<br>ख . संस्थाको हिसाव विवरण र लेखापरिक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानिय अधिकारी समक्ष पेश गरिनेछ ।</td>
<td>क. आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा सोसाइटीको लेखापरिक्षण गराउनुपर्नेछ ।<br>ख. लेखापरिक्षकको नियुक्ती साधारणसभाले गर्नेछ ।<br>ग.लेखापरिक्षण प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुपर्नेछ ।<br>घ.लेखापरिक्षकले औंल्याएको वेरुजु साधारणसभाले अनुमोदन गरेमा सम्वन्धित व्यक्तिवाट असुल उपर गरिनेछ ।<br>ङ.सोसाइटीको लेखापरिक्षण नेपाल सरकारको मान्यताप्राप्त रजिष्टार्ड लेखापरिक्षकवाट गरिनेछ र प्रत्येक वर्ष सो प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गरिनेछ ।</td>
<td>मौजुदा विधानमा आर्थिक व्यवस्थाको वारेमा सुस्पष्ट व्यवस्था गरिएको नदेखिएको,पंचायती व्यवस्थाको पालामा वनेको विधान भएकोले धेरै कुराहरु अस्पष्ट रहेको,लेखापरिक्षण सम्वन्धि व्यवस्था ,कोषको सञ्चालन समेतको वारेमा ,खाता सञ्चालन लगायत विषयमा रहेको अस्पष्टतालाई प्रष्ट व्यवस्था गर्न वांछनिय भएकोले शंसोधन गर्नुपरेको</td>
</tr>
</table>

| | | |
|---|---|---|
| **परिच्छेद ७**<br>**विविध**<br>**२१. निर्वाचन सम्वन्धि व्यवस्था :**<br>प्रत्येक २ वर्षमा साधारणसभाका सदस्यहरुले चुनावद्धारा सदस्यहरु कार्यकारिणी समितीको लागि गरिने,<br>२२. उम्मेदवार हुन अयोग्यता :<br>वालचिकित्सक नभएमा,मेडिकल काउन्सीलमा नामदर्ता नभएमा **२३.अविश्वासको प्रस्ताव :**<br>साधारण सभाको ३।४ प्रतिशत वहुमतले अविश्वासको प्रस्ताव पास गर्न सकिनेछ ।<br>**२४.विधान संशोधन :**<br>संस्थाले विधान संशोधन गर्न आवश्यकता पर्नआएमा सो कुरा साधारण सभामा पेश गरि सो सभामा सम्पूर्ण सदस्यहरुको दुइ तिहाइ वहुमतले पारित गरेमा स्थानीय अधिकारीको स्वीकृति लिइ संशोधित विधान लागू गरिनेछ ।<br><br>**२५. नियम वनाउने :**<br><br>**२६. संस्थाको विघटन :**<br>संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसके वा अन्य कुनै कारणवाट संस्था विघटन भएमा सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ । | **परिच्छेद ६**<br>**अविश्वासको प्रस्ताव,सदस्यतावाट निष्काशन र पद रिक्त हुने अवस्था :**<br>**२४.अविश्वासको प्रस्ताव :**<br>क.कार्यसमिती वा शाखा कमिटीको कुनै पदाधिकारी वा समिति विरुद्ध साधारण समाको तत्काल कायम सदस्य संख्याको ४० प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव दर्ता गरमा सो प्रस्ताव साधारण सभामा पेश गर्नुपर्नेछ । उक्त प्रस्ताव कूल सदस्य संख्याको दुई तिहाई वहुमतले पारित हुनुपर्दछ ।<br>ख.अभियोग लागेको समिति वा कुनै पदाधिकारी वा सदस्यलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।<br>ग. अभियोग सम्वन्धमा जाँचवुझ गर्न आवश्यक देखिएमा साधारणसभाले जाँचवुझ समिति गठन गरि प्रतिवेदन लिन सक्नेछ ।<br>घ.निर्वाचन भएको एक वर्ष पुरा नभई अविश्वासको प्रस्ताव दर्ता गर्न सकिनेछैन ।<br>र एक पटक अविश्वासको प्रस्ताव दर्ता भइ सो उपर निर्णय भएपछि एक वर्ष व्यतित नभइ पुनः अविश्वासको प्रस्ताव दर्ता गर्न सकिनेछैन ।<br><br>**२५.सदस्यतावाट निष्काशन :**<br>क. कुनै सदस्य सोसाइटीको उद्धेश्य विपरितको क्रियाकलापमा संलग्न भएको पाइएमा साधारण सभाको दुई तिहाई वहुमतले निजलाई निष्काशन गर्न सक्नेछ ।<br>ख. उपधारा (क) बमोजिम निष्काशन गर्नुअघि त्यस्ता अभियोग लागेका सदस्यले सफाइ पेश गर्ने मौका पाउनेछ । आवश्यक पर्दा साधारण सभाले छानविन समिति गठन गरि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br><br>**२६.पदाधिकारीहरुको पद रिक्त हुने :**<br>समितिका पदाधिकारीहरुको पद देहाय बमोजम रिक्त हुनेछ ।<br>क .पदवाट राजिनामा दिएमा,<br>ख .धारा २५ बमोजम अविश्वासको प्रस्ताव पारित भएमा,<br>ग. समितिको वैठकमा लगातार तीन पटक विना सूचना अनुपस्थित भएमा ,<br><br>**परिच्छेद ७**<br>**विविध :**<br>**२७.निर्वाचन सम्वन्धि व्यवस्था :**<br>क. सोसाइटीको निर्वाचनद्वारा पूर्ति हुने पदहरुको निर्वाचनको निमित्त कार्यसमितिको प्रस्तावमा साधारण सभाले एक कानून व्यवसायी सहितको वढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।<br>ख.सोसाइटीको निर्वाचन सम्वन्धि कार्यविधिको अधिनमा रही निर्वाचन समितिले आफनो | अविश्वासको प्रस्ताव सम्वन्धमा कसरी र कार्यकालभरि कति पटक गर्न पाइने,अविश्वासको अभियोग लागेको पदाधिकारी सदस्यलाई सफाइ पेश गर्ने मौका दिनुपर्ने,छानविन समिति वनाउनुपर्ने जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरु स्पष्ट राख्न जरुरी भएकोले शंसोधन गरि थप गरिएको ,<br><br>वर्तमान विधानले समितिका पदाधिकारीहरुका पद रिक्त हुने अवस्थाको किटानी व्यवस्था नगरेकोले देखिएको अन्यौलता हटाउन समितिका पदाधिकारीहरुको पद पद रिक्त हुने अवस्थाहरु शंसोधन गरि थप गरिएको ,<br>निर्वाचन सम्वन्धि व्यवस्था अन्तर्गत निर्वाचन समितिको व्यवस्था वर्तमान विधानले नगरेकोले निर्वाचन कसले गर्ने अन्यौलताको अन्त्यको लागि निर्वाचन समिति गठनको व्यवस्था थप गरिएको।<br>कार्यसमितिमा नयाँ सदस्यहरुको प्रवेशले सिधै प्रमुख पदाधिकारीहरुमा उम्मेदवारी दिदा संस्थाको गतिविधीमा अनभ्री |

| | | |
|---|---|---|
| | कार्य अगाडी वढाउनेछ ।निर्वाचन कार्यविधि नवनेसम्म  यस विधानको अधिनमा रही निर्वाचन सम्वन्धि कार्य निर्वाचन समितिले अघि  वढाउन सक्नेछ ।<br>ग . यस सोसाइटीको केन्द्रिय कार्यसमितिको पदाधिकारीको उम्मेदवार हुन सोसाइटीको केन्द्रिय सदस्यमा कम्तीमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ । सदस्यको उम्मेदवार हुन साधारण सदस्य भएको कम्तीमा दुईवर्ष पुरा भएको हुनुपर्नेछ । | सदस्यहरु पाखा लाग्न सक्ने हुँदा पदाधिकारी सदस्यको उम्मेदवार हुन केहि निश्चित मापदण्ड तोकि शंसोधन गर्न वान्छनिय देखिएकोले थप गरिएको, |
| | **२८.विधान संशोधन :**<br>सोसाइटीको विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरि सो सभाका सम्पूर्ण सदस्यहरुको दुई तिहाइ वहुमतले पारित गरेमा स्थानीय अधिकारीको स्विकृति लिइ संशोधित विधान लागू गर्न सकिनेछ । | विधान शंसोधनको धारामा व्यवस्था गरिएका कुराहरु यथावत राखिएको , |
| | **२९. नियम बनाउने :**<br>यस विधानको अधिनमा रही विधानको उद्धेश्य अनुरुप कार्यक्रम संचालन गर्न आवश्यकता अनुरुप नियम वनाउन सक्नेछ । सो नियमावली स्थानिय अधिकारीवाट स्वीकृत भएपछि लागू हुनेछ । | नियम वनाउने सम्वन्धमा मौजुदा विधानमा केहि उल्लेख नगरेको अन्यौलता श्रृजना भएको हुँदा शंसोधन गरि धारा ३० मा व्यवस्था गरिएको , |
| | **३०. सव स्पेसियालिटी च्याप्टर गठन :**<br>वालरोग अन्तरगत नेपाल मेडिकल काउन्सिलद्धारा मान्यता प्रदान गरिएको सव स्पेशियालिटी सम्वन्धि च्याप्टर आवश्यकता अनुसार केन्द्रले गठन गर्न सक्नेछ । जसको गठन र कार्यविधि केन्द्रिय कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br><br>साधारणसभा वा कार्यसमितिले आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्न सक्नेछ र तिनीहरुको काम,कर्तव्य र अधिकार कार्यविधि वनाइ तोक्न सक्नेछ । | आधूनिक समयमा वालरोग अन्तर्गत पनि नेपाल मेडिकल काउन्सिलद्धारा मान्यता प्रदान गरिएका सव स्पेसियालिटीहरुको च्याप्टर पनि जरुरी हुने देखिएको तर मौजुदा विधानमा सो सम्वन्धमा व्यवस्था नभएकोले शंसोधन गरि धारा ३१ मा व्यवस्था गरिएको |
| | **३१. सल्लाहकार समिति गठन गर्ने :** कार्यसमितीलाई आवश्यक सल्लाह,सुझाव प्रदान गर्न ,कार्यसमितिको कार्यसम्पादनमा सहयोग पुर्याउन विभिन्न क्षेत्रका विज्ञ एवं पूर्व कार्यसमितिका पदाधिकारी मध्येवाट साधारणसभाले सल्लाहकार नियुक्ती गर्नेछ । कार्यसमितिको संख्याको एकतिहाइ संख्यामा नवढ्ने गरि सल्लाहकार नियुक्त हुनेछन् ।सोसाइटीका दुरगामी प्रभाव पार्ने र महत्वपूर्ण निर्णयमा पुर्नविचार गर्न कार्यसमितिलाई आग्रह गर्न सक्ने अधिकार यस समितिलाई हुनेछ । सल्लाहकारको सेवा ,सर्त र अन्य सुविधा कार्यसमितिले तोकेवमोजिम हुनेछ । | सोसाइटीको मौजुदा विधानमा सल्लाहकार समिति गठन वारे व्यवस्था नभएको आवश्यक भने भएकोले शंशोधन गरि थप्न परेको , |
| | **३२. राजिनामा दिने :**<br>अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष समक्ष लिखित रुपमा राजिनामा दिन सक्नेछ । राजिनामा दिने पदाधिकारीले आफ्नो जिम्माको जिन्सि वा नगद | राजिनामा दिंदा कसले कसलाई दिने भन्ने व्यवस्था मौजुदा विधानमा नभएकोले अन्यौल भएको हुँदा धारा ३३ मा |

| | | |
|---|---|---|
| | सबै अध्यक्षले तोकेको पदाधिकारीलाई १५ दिनभित्र बुझाउनुपर्नेछ । आफ्नो जिम्माको सामान नबुझाई राजिनामा स्वीकृत हुनेछैन ।<br>**३३.बुझबुझारथ गर्नुपर्ने :**<br>कार्यसमितिको पदाधिकारी एवं सदस्यहरुको पदावधी समाप्त भइसकेपछि वा कुनै कारण कार्यसमिति विघटन भएमा आआफ्नो जिम्मामा भएको नगद र सामाग्रीको विवरण तयार पारि वहालवाला पदाधिकारीलाई १५ दिनभित्र बुझबुझारथ गर्नुपर्नेछ ।<br><br>**३४.शपथ :**<br>समितमा निर्वाचित पदाधिकारी तथा सदस्यहरुले अनुसूचि ३ मा उल्लेखित ढाँचामा सपथ लिनुपर्नेछ ।<br>**३५. संस्थाको खारेजी:**<br>१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ।<br>२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारीत गर्दा साधारण सभाले खारेजीको कामका लागी एक वा एकभन्दा बढी लिक्वीडेटरहरु र संस्थाको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा वढी लेखापरीक्षकहरु नियुक्त गर्न सक्नेछ ।<br>३. उपदफा २ बमोजिम नियुक्त लिक्वीडेटर र लेखा परिक्षकहरुको पारिश्रमीक साधारण सभाले तोकिए बमोजिम हुनेछ ।<br>४. यसरी कारण बस संस्था विघस्त भइ खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुने छ । | राजिनामाको बारेमा किटानी व्यवस्था गरिएको,<br><br>सोसाइटीको वर्तमान विधान कार्यसमितिका पदाधिकारी र सदस्यहरुको पधावधि समाप्त भएर वा कार्यसमिति विघटन भएको अवस्थामा जिम्मामा रहेका नगद जिन्सी सामाग्री कसरी बुझबुझारथ गर्ने भन्ने वारेमा विधानमा किटानी व्यवस्था नहुदा पर्नसक्ने सम्भावित समस्यालाई दृष्टिगत गरि धारा ३४ मा थप गरि व्यवस्था गरिएको छ ।<br><br>विधानको धारा ३५ मा आवश्यक हेरफेर गर्नसकिने तर स्थानिय अधिकारीवाट स्वीकृत लिएर मात्र लागु गर्नेगरि हुने व्यवस्था थप गरिएको<br>वर्तमान विधानमा शपथको व्यवस्था नभएकोले निर्वाचित पदाधिकारी तथा सदस्यहरुले तोकिएको ढाँचामा सपथ लिने व्यवस्था नभएकोले उक्त व्यवस्था विधानको धारा ३६ मा थप गरिएको , |

मौजुदा विधानमा अनूसूचीहरुको व्यवस्था नभएकोले निम्न अनुसार अनूसूचीहरु आवश्यक परेकोले थप गरिएको :

अनूसूची १

संस्थाको छाप र लोगो

अनूसुची २

सदस्यता दर्ता फारम

Nepal Paediatric Society (NEPAS)

Kanti Children,s Hospital,Maharajgunj,Kathmandu, Nepal

G.P.O.Box 2668, phone: 4412648/9803594327 Fax : 4412648

Email: nepas2010@gmail.com website: www.nepas.org.np
facebook:http:www.facebook.com/Nepalpaediatricsociety

photo

*Name :* ..................................................................................................................

*Sex:* .......................... *NMC Reg.NO :* ............................ *DOB :*.......................................

*Qualifications:*

| *University* | *Year* |
|---|---|
| *(a)* | |
| *(b)* | |
| *(c)* | |

*Address :* ..................................................................................................................

*Contact ph No :* .......................... *Mobile :*................................ *Blood Group:*..........

*office* ............................................................... *Designation* ......................................

*Email:* ............................................ *Subspeciality Interst:* ..........................................

*Introduced by Dr.* ................................................... *NEPAS membership no.* ..........

*I hereby declare that the statement made above are true and shall abide by the rules and regulation of the society.*

*Signature:*

*Date:*